ट्रेड टावर लिमिटेड

वडा नं.-११, थापाथली, काठमाडौं, नेपाल
Landline:- 01-5111000
E-mail:info@tradetower.com.np|URL: www.tradetower.com.np

सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

ट्रेड टावर लिमिटेड कम्पनीको मिति २०८२/०९/०४ गते शुक्रवार ३:३० बजे बसेको संचालक समितिको २१० औं बैठकको निर्णय अनुरूप कम्पनीको सोह्रौं वार्षिक साधारण सभामा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि निम्न अनुसार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:

मितिः २०८२/०९/३० **(14 Jan, 2026)** बुधवार

स्थानः होटल क्रिष्टल पशुपति **(Hotel Crystal Pashupati)**, गौशाला, काठमाडौं । समयः बिहान ११:०० बजे ।

वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची

(क) सामान्य प्रस्तावहरू:

१. आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सानको हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा ११११ अनुरूप आ.व. २०८२/०८३ का लागि बाह्य लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विशेष प्रस्तावहरू:

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने बारे ।

२. नयाँ संचालक समिति चयन गर्ने सम्बन्धमा ।

३. विभिन्न कम्पनीका संस्थापक शेयरमा गरिएको लगानी अनुमोदन गर्ने तथा आगामी दिनमा आवश्यकता अनुसार नयाँ कम्पनीहरूमा लगानी गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।

४. अन्य कम्पनीसँग मर्जर गर्ने, DDA गर्ने, मर्जरको सम्झौता गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५. आगामी दिनमा नयाँ परियोजनाहरूको अध्ययन तथा विकास गर्ने सम्बन्धमा कम्पनीले जग्गा – जमिन वा भवन लिजमा लिने वा खरिद गर्ने वा आफ्नो स्वामित्वमा भएका संरचनाहरू पुनः सबलिजमा दिने वा म्यानेजमेन्ट कन्ट्र्याक्टमा दिने वा लिने निर्णय गर्न संचालक समितिलाई दिने अख्तियारी सम्बन्धमा ।

६. कम्पनीले आगामी दिनमा विकास गर्ने नयाँ परियोजनाहरूको लागि बैंक तथा अन्य वित्तिय संस्थाहरूबाट आवश्यक कर्जा कम्पनी ऐन २०६३ को दफा १०५ (ख) अनुरूप तोकिएको सिमा भन्दा बढी भएमा त्यस्तो कर्जा सापटी लिने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

७. कम्पनीले आगामी दिनमा विकास गर्ने नयाँ परियोजनाहरूको लागि आवश्यकता अनुसार छोटो अवधिको कर्जा लिने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

८. ट्रेड टावर लिमिटेड अन्तर्गतका ट्रेड मार्क, अनुमतिपत्र, स्वीकृति आदि आफ्नै शतप्रतिशत लगानी भएका कम्पनीमा सार्ने वा **Trade Mark Usage Agreement** गर्ने आवश्यक अनुसार निर्णय गर्न संचालक समितिलाई अख्तियारी दिने ।

९. होटल संचालन गर्न ट्रेड टावर लिमिटेडको पूर्ण स्वामित्व भएको क्रिष्टल हस्पिटालिटी (प्रा.) लि. नामको कम्पनी स्थापना गरिएको हुँदा सो को अनुमोदन गर्ने र सोही कम्पनी अन्तर्गत क्रिष्टल पशुपति होटल संचालन गर्न आवश्यक कानुनी तथा प्रशासनिक व्यवस्था मिलाउने अख्तियारी संचालक समितिलाई दिने ।

१०. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा हुने संशोधन सम्बन्धमा नियामक निकायहरू, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य कुनै कारणले कम्पनी अद्यावधिक गर्न कम्पनीको प्रबन्धपत्र र नियमावलीमा संशोधन वा कुनै फेरबदलको सुझाव आएमा वा आवश्यक भएमा सो कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(ग) विविधः

साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु

१) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान ०९:०० बजेबाट खुल्ला गरिनेछ ।

२) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले आफ्नो परिचय पत्र स्पष्ट खुल्ने फोटो सहितको कुनै प्रमाण पत्र तथा हितग्राही खाता खोली शेयरको अभौतिकीकरण गरिएको विवरण देखिने **(Demat Account Statement)** वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।

३) सोह्रौं वार्षिक साधारण सभाको प्रयोजनका लागि २०८२/०९/१६ गते एक दिनका लागि सेयरको दर्ता किताब बन्द रहनेछ। २०८२/०९/१४ गतेका दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तीन कार्यदिन अर्थात् २०८२/०९/१८ गते भित्र दाखेल खारेजको लागि प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु मात्र यस सभामा भाग लिन योग्य हुनेछन् ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपात्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा वा निर्वाचनमा भाग लिएमा प्रतिनिधि पत्र स्वत : बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मत बाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनीत गरेको प्रतिनिधिले शेयार्वालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा सुरु हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलै लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

७) साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपुर्वक प्रोक्सी फारम भरि सभामा हुनुभन्दा ७२ घण्टा अगावै यस कम्पनीको रजिस्टर्ड कार्यालय ट्रेड तवोर, आठौं तल्ला, थापाथलीमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेस गरिसक्नु पर्नेछ ।

८) सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीले रजिस्टर्ड कार्यालय, आठौं तल्ला, थापाथली, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको टेलिफोन नं ०१- ५१११०००० वा वेबसाइट **www.tradetower.com.np** बाट प्राप्त गर्न सक्नु हुनेछ ।

९) संचालकको निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८२/०१/२५ देखि सुरुहुने हुँदा निर्वाचन तालिका साधारण सभामा हुने स्थानमा प्रकाशित गरिने छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव